# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रिय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


**प्रेस नोट**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७१ मङ्सिर १ गते

## सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाहरूका लागि दीर्घकालीन कार्यक्रम ल्याउन आग्रह

बालअधिकारको क्षेत्रमा संस्थाहरूले सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाहरूको सही पहिचान गर्न, यथार्थ तथ्याङ्क संकलन गर्न तथा उनीहरूको हितमा दीर्घकालीन कार्यक्रम ल्याउन नेपाल सरकारसँग आग्रह गरेका छन् ।

बालअधिकारको क्षेत्रमा कार्यरत १२ वटा संस्थाहरूले राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष अनुपराज शर्मा समक्ष सोमबार बुझाएको ध्यानाकर्षणपत्रमा सो आग्रह गरिएको हो ।

उक्त ध्यानाकर्षणपत्रमा नेपाल सरकारले २०६७ साल पुस १४ गते ल्याएको सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाहरूको पुनःस्थापना तथा एकीकरणसम्बन्धी कार्ययोजना चार वर्ष बितिसक्दा पनि कार्यान्वयन नभएको टिप्पणी गर्दै त्यसको यथाशीघ्र कार्यान्वयन हुनुपर्ने माग गरिएको छ ।

ध्यानाकर्षणपत्र बुझ्दै राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष अनुपराज शर्माले सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाहरूको हक-अधिकारका लागि बालअधिकारको क्षेत्रमा कार्यरत संस्थाहरूसँग सहकार्य गरेर अघि बढ्ने बताउनुभयो ।

अध्यक्ष शर्माले हाल बन्ने क्रममा रहेको आयोगको छ वर्षीय कार्ययोजनामा बालबालिकाको अधिकारलाई समावेश गरिने जानकारी दिनुभयो ।

सो अवसरमा सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाले आफूहरूले भोग्नुपरेको मानसिक तथा सामाजिक समस्याहरूबारे प्रकाश पार्दै आफ्ना गुमेको अधिकार पुनःप्राप्तिका लागि सहयोग गरिदिन आयोगसँग आग्रह गरेका थिए ।

'हिमालय मानव अधिकारकर्मी समूह (हिमराइट्स) नेपाल' अध्यक्ष अञ्जना शाक्यको नेतृत्वमा आएको टोलीले आयोगलाई दश बुँदे ध्यानाकर्षणपत्र बुझाएको थियो ।

टोलीमा 'सुन्दर नेपाल', 'मानव अधिकार सञ्जाल तथा शान्ति कार्यसमूह, नेपाल', 'सामुदायिक विकास कार्यक्रम, नेपाल', 'गैरसरकारी संस्था महासंघ, नेपाल', 'बालसरोकार केन्द्र, नेपाल', 'ग्रामीण पुनर्निर्माण संस्था, नेपाल', 'श्रीपुरा सामुदायिक विकास केन्द्र', 'एकीकृत सामुदायिक विकास अभियान, नेपाल', 'बालकल्याण समाज, नेपाल' र 'ग्रामीण विकास केन्द्र, नेपाल' को सहभागिता थियो ।

......................

वेदप्रसाद भट्टराई

कामु सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org